# भरतपुर अस्पतालमा बिरामीको चाप

**चितवन (प्रस)**– गर्मी महिनामा बिरामी धान्न मुस्किल हुने भरतपुर अस्पतालमा जाडो महिनामा बिरामीको संख्या हालसम्मको उच्च पुगेको छ । अस्पतालको तथ्यांकअनुसार पुस २८ गते एकै दिन तीन हजार ११९ बिरामीले बहिरंग सेवा लिएका हुन् ।

अस्पतालका स्वास्थ्य बिमा कार्यक्रम इञ्चार्ज लिलाधर पौडेलका अनुसार ती बिरामीमध्ये दुई हजार ४७७ स्वास्थ्य बिमाका हुन् भने ६४२ नगदमा सेवा लिने हुन् । बिमाबाट सेवा लिने ७५ प्रतिशत रहेका छन् ।

२०८१ पुस २८ गते दुई हजार ४७० जनाले सेवा लिएका थिए । त्यतिबेला एक हजार ८०५ स्वास्थ्य बिमाका र ६६५ अन्य रहेका थिए । वि.सं. २०८० मा यो संख्या दुई हजार ३५७ थियो । त्यसमध्ये स्वास्थ्य बिमाका एक हजार ६८५ र ६७२ अन्य थिए । पौडेलका अनुसार यसअघिको अस्पतालको सबैभन्दा उच्च बिरामी संख्या २०८० असोज ४ गते रहेको थियो । त्यस दिन तीन हजार दुई जनाले सेवा लिएकामा दुई हजार १४३ स्वास्थ्य बिमाका र ८८९ अन्य बिरामी थिए ।

पौडेल एकाएक बिरामी बढ्नुमा स्वास्थ्य बिमाको प्रथम सेवा बिन्दु परिवर्तन हुनसक्ने आशंका, पुसमा धेरैको बिमा अवधि सकिनु, काठमाडौंका कतिपय अस्पतालले बिमा सेवा बन्द गर्नु, विद्यालयमा बिदा हुनुलगायतका कारण हुनसक्ने बताउँछन् । स्वास्थ्य बिमामा भरतपुर अस्पताल देशकै उत्कृष्ट अस्पतालको रूपमा चिनिन्छ ।




अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्रा.डा. कृष्णप्रसाद पौडेल स्वास्थ्य बिमासँगै नगदमा सेवा लिनेलाई अस्पतालले गरेको उच्चतम् व्यवस्थापनका कारण बिरामीको उच्च चाप भएको बताउँछन् । के कारणले एकाएक बिरामी बढे भन्न नसकिने भन्दै उनले बिमा बन्द हुने हल्लाकै कारण बिरामी थपिएको हुनसक्ने बताए । भरतपुरमा एक वर्षमा झण्डै चार लाख ५० हजार पटक बिमामा सेवा लिने आउने गरेका छन् । उनीहरूलाई सेवा दिएवापत बिमा बोर्डले भुक्तानी गर्नुपर्ने रकम ६० करोड रूपैयाँभन्दा माथि पुगेको पौडेलले बताए ।

# तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता

**वालिङ (स्यांजा)**– स्यांजाको कालीगण्डकी गाउँपालिकाले तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता दिने भएको छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा जनसंख्याको घट्दो दरलाई रोक्नका लागि तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता गर्ने भएको हो ।

पछिल्लो समयमा जनसंख्या घट्दै जाँदा दीर्घकालीनरूपमा जनसंख्या सन्तुलनमा राख्न समस्या हुने भएकाले गाउँपालिकाले यस्तो कदम चालेको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले जानकारी दिए ।

'गाउँपालिकाभित्र जनसंख्या घट्दो क्रममा छ, घट्दै जाँदा कालान्तरमा गाउँमा मानिसको संख्या निक्कै कम हुन सक्छ,' उनले भने, 'जनसंख्याको घट्दो दरलाई रोक्न, परिवारलाई सन्तानप्रतिको सकारात्मक प्रेरणा दिन तथा दीर्घकालीन जनसंख्या सन्तुलनमा राख्न र पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको उद्देश्यसहित अगाडि बढेका हौं ।'

गाउँपालिकाले तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता प्रदान गर्ने कार्यविधि-२०८२ स्वीकृत गरेर कार्यविधिमा तोकिएको मापदण्ड पूरा गर्ने परिवारलाई आर्थिक सहायता गर्ने तयारीमा जुटेको उनले बताए । गाउँपालिकाले स्वीकृत गरेको कार्यविधिअनुसार गाउँपालिकाभित्र स्थायी बसोबास गर्दै आएका परिवारबाट चालु आर्थिक वर्षको साउनभन्दा पछाडि तेस्रो सन्तान जन्माएको परिवारले आवश्यक कागजातसहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने छ ।

पछिल्लो समय एक वा दुई सन्तानमात्रै जन्माउने र अर्कोतर्फ गाउँबाट सहरतर्फ बसाइँ सर्ने गरेका कारण पनि गाउँ रित्तिँदै जान थालेका छन् । 'गाउँपालिकाले कार्यविधिअनुसार तीन सन्तान जन्माउने परिवारलाई प्रतिमहिना चार हजार रूपैयाँका दरले आर्थिक सहायता गर्छ,' उनले भने, 'प्रतिपरिवार दुई वर्षसम्म पोषण तथा सन्तानप्रतिको सकारात्मक प्रेरणास्वरूप आर्थिक सहायता गर्ने भएको हो ।'

तीन सन्तान जन्माउने परिवारले कार्यविधिमा तोकिएबमोजिमको ढाँचामा निवेदन, नागरिकताको प्रतिलिपि, तीनवटै सन्तानको जन्मदर्ताको प्रतिलिपि, विवाह दर्ताको प्रतिलिपि, बसाइँ सरी आएकाको हकमा बसाइँसराइको प्रतिलिपि आवश्यक पर्ने छ । जन्मिएको सन्तान नेपाल सरकारको सूचीकृत स्वास्थ्य संस्थामा जन्मिएको हुनुपर्ने उल्लेख छ । त्यसले गर्दा सूचीकृत स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी गराउनेको संख्यामा पनि वृद्धि हुने उनले बताए । *रासस*


## Roshi Rural Municipality
Amaltar, Kavre
Bagmati Province, Nepal

**NOTICE FOR TENDER PUBLICATION**

**Date of Publication : 2082/09/30**

This is to notify that online invitation for bids is published for following project listed in the E-GP System (https://bolpatra.gov.np/egp) of government of Nepal. Bidders can only bid electronically. For further details bidders are requested to visit the project office at Amaltar, Roshi-7, Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

**Contract Details**

| Name of Project | Contract ID | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|
| The Supply and Delivery of Sanitary Pad | RRM/SPK/G/04-2082/83 | 34,500/- | 3000/- |

## धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा

**बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको आशयको सुचना**

**प्रकाशित मितिः २०८२/०९/३०**

यस गाउँपालिकाको मिति २०८२/०८/२६ गते राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार तपिशल अनुसारको ठेक्काको लागि म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक र आर्थिक प्रस्तावको मूल्याकंन गर्दा न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राहि बोलपत्र देहाय बमोजिम भएकाले सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) बमोजिम सबै बोलपत्रदाताहरुलाई जानकारिको लागि बोलपत्र स्वीकृतिको लागि आशयको सुचना प्रकाशित गरिएको छ, सो निर्णय उपर कसैको दावी विरोध भए सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिलः-**

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.क. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | DRM/NCB/GOODS/04/082/083 | Supply and Delivery of Free Medicines and Medical Equipment for Dharche Rural Municipality | Candela Medi Concern, Kalanki– 14, Kathmandu | NRS.19,31,440.97 | |

**प्रमुख प्रशासकिय अधिकृत**

## दोधारा चादनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधाराचादनी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८२।०९।३०)

यस कार्यालयबाट मिति २०८२।०८।२४ गते राष्ट्रिय स्तर को दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (पि.एस र मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०९/२०८२/०८३ | राष्ट्रिय आ.वि भवन निर्माण योजना, वडा नं ०७ | श्री देउति विल्डर्स प्रा.लि, दो.चा.न.पा १० कंचनपुर | ३२,७१,९१८।९० | |

**(यज्ञराज लेखक)**
**नि. प्रमुख प्रशासकिय अधिकृत**

## Janaki Rural Municipality
## Office of the Rural Municipal Executive
Durgauli, Kailali
Sudurpaschim Province, Nepal

**Invitation for Bid**

**Date of Publication:- 14th January 2026**

1. **Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures. 1

| S. N. | Contract Identification Number | Name of Project and Location | Estimated Amount (Without VAT) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | NCB/JRM/W/04/2082/83 | Supply, Delivery and installation of Smart Street Lighting System work at Durgauli bazar Janaki-1, Kailali | 21,56,597.64 | 63,000 | 3000 |

2. Eligible Bidders may obtain further information at Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali or **Telephone NO.: +977 091-500077,** or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**
3. Please visit www.janakimunkailali.gov.np for more details.

**Chief Administrative Officer**

## Dewanganj Rural Municipality
## Office Of Rural Municipal Executive
Dewanganj, Sunsari, Koshi Province, Nepal.

**Invitation of Electronic Bids**

**Date of publication (2nd Time): 14-01-2026 (30-09-2082)**

1. Dewanganj Rural Municipality invites sealed bids from Nepalese eligible bidders for the Construction work mentioned in the BOQ., under Sealed Quotation procedures .

| S. N. | Description of works | Estimated amount (Excl.Vat & Contingencies; Incl. Prov. Sum) | Bid Security Amount (NRs) | Non-refundable fee for Bidding Document(NRs) | Last date of bid submission |
|---|---|---|---|---|---|
| 1. | Construction of Chaiti Durga Mandir at Wada No. 03 (DRM/ BUILDING/C/SQ/ 01/2082-083) | 1725371.55 | 43,500.00 | 1000.00 | 2026-01-29 |
| 2. | Construction of Rajaji Than at Wada No.03 (DRM/BUILDING/C/SQ/ 02/2082-083) | 1725371.55 | 43,500.00 | 1000.00 | 2026-01-29 |

2. Eligible Bidder may obtain further information about Bidding Documents from the PPMO e-GP system www.bolpatra. gov.np/epp, shall submit a written application along with a copy of the company/firm registration certificate, and upon payment of a non-refundable fee during office hours or online in the following Bank.
- Name of the Bank: NIC Asia Bank Ltd, Inaruwa Branch(Inaruwa Municipality-02,Sunsari)
- Name of Office: Dewanganj Rural Municipality Office
- Internal Revenue (Rajaswa) Account no.:2432050026455007(For purchasing Bid Documents Only)
- Security Deposit (Dharauti) Account Number:243CA50021917002 (For Bid Security Only)
3. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Please read, understand, and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**